विधेयक संख्या:

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

## प्रदेश सभा सचिवालय

## बागमती प्रदेश

## २०८०

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

## उद्देश्य र कारण

बागमती प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न केही कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न, छुट दिन एवं राजस्व प्रशासन सम्बन्धी प्रचलित केही प्रदेश कानूनलाई संशोधन गर्नका लागि यो विधेयक पेश गर्नु परेको हो।

यो विधेयकले कर, शुल्क तथा दस्तुर निर्धारण गर्न, त्यस्तो कर, शुल्क तथा दस्तुरको दर बढाउन, घटाउन वा आंशिक वा पूरै छुट दिने व्यवस्थाको अलावा घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, माटो, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क, पर्यटन शुल्क, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लिइने शुल्क तथा दस्तुर लगायतका कर, शुल्क तथा दस्तुर निर्धारण गर्ने व्यवस्थालाई समेटेको छ । यसको अलावा प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६, प्रदेश पर्यटन ऐन, २०७८ तथा प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा रहेको शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्थाहरूलाई समयानुकूल संशोधन गर्न समेत प्रस्ताव गरिएको छ।

**द्रष्टव्य:** यो विधेयक अर्थ विधेयक हो।

**(बहादुर सिंह लामा 'तामाङ')**
**मन्त्री**
**आर्थिक मामिला तथा योजना**

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यस ऐनको दफा ७ तथा अनुसूची – १ को खण्ड (घ) को सि.नं. २७ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि र अन्य दफाहरू सम्वत् २०८० साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछन् ।

२. **घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरः** (१) आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशभित्र अनुसूची — १ बमोजिम घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाका वखत सम्बन्धित स्थानीय तहले संकलन गर्नु पर्नेछ ।

तर स्थानीय तहको साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा

(१) बमोजिमको दर अनुसारको शुल्क संकलन गरी बाँडफाँड गर्नु पर्नेछ ।

(३) यस दफा तथा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि अनुसूची — १ को खण्ड (ख) बमोजिम बेजिल्ला बेइलाका लिखत पारित बापत उपदफा (२) बमोजिमको कार्यालयबाट संकलन गरिएको पुरै रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको कार्यालयबाट संकलित घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरको जम्मा रकमबाट अनुसूची – १ को खण्ड (घ) सि.नं.१३ बमोजिमको रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी बाँकी रकमको साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको राजस्व बाँडफाँडको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तह र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

३. <u>**सवारी साधन कर:**</u> (१) आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशभित्र अनुसूची – २(क) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संकलन भएको रकम प्रचलित कानून बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र बाँकी चालीस

प्रतिशत रकम प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँड गर्नु पर्नेछ ।

४. **प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लिईने शुल्क तथा दस्तुर सम्बन्धी विशेष व्यवस्था:** (१) प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लिईने शुल्क तथा दस्तुर सोही ऐन बमोजिम बनेको नियमावली बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम छुट्टै नियमावली नबनेसम्मका लागि उक्त ऐन बमोजिम लगाइने सवारी चालक अनुमतिपत्र तथा आवेदन दस्तुर, सवारी चालक अनुमतिपत्र सम्बन्धी परीक्षा शुल्क, सवारी साधनको दर्ता र सरुवा दर्ता दस्तुर, सवारी साधन सरुवा सहमति दस्तुर, सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर, सवारी साधनको अस्थायी दर्ता दस्तुर, विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमतिपत्र दस्तुर, सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर, सवारी साधनको नामसारी र धनीको मृत्यु भएको सवारी नामसारी दस्तुर, बाटो इजाजतपत्र दस्तुर लगायतका अन्य शुल्क तथा दस्तुरहरू यसै ऐनको अनुसूची – २ (ख) बमोजिम लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम संकलन भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम सोको नियमावली नबनेसम्म सवारी दर्ता किताब (ब्लु बुक) दस्तुर तथा अन्य विविध दस्तुरको सङ्कलन प्रचलित कानून बमोजिम हुनेछ ।

५. **<u>मनोरञ्जन कर:</u>** (१) आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशभित्रको चलचित्र घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुट्सल, जुम्बा, नाईट क्लव, मसाज एवं स्पा, जीपलाईन, बन्जिजम्प, आकाशे सीसाको पूल, भ्यूटावर, स्वीङ्ग, केबलकार, स्वीमिङ्ग पुल र पार्क जस्ता मनोरञ्जन स्थलमा अनुसूची — ३ बमोजिमको मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन स्थानीय तहले गर्नेछ। उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) अनुसूची — ३ को सि.नं. १ देखि ४ मा उल्लेखित करदाताले बुझाउनुपर्ने कर प्रत्येक महिना समाप्त भएको मितिले पच्चिस दिनभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र मनोरञ्जन कर नबुझाउने करदारतालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि कर नबुझाएमा बुझाउनुपर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम सम्बन्धित स्थानीय तहले साठी प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

६. **विज्ञापन कर:** (१) आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशभित्र विज्ञापन सामाग्री राखे वापत लाग्ने विज्ञापन कर सम्बन्धित स्थानीय तहको कानून बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको रकम सम्बन्धित स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिम विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत रकम आफ्नो स्थानीय सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

७. **कृषि आयमा कर:** (१) आर्थिक वर्ष २०८०/८१ मा स्वयम् घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरूको लागि कृषि आयमा कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको दर तथा सीमा अनुसूची – ४ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको कर प्रशासन प्रदेश सरकारबाट हुनेछ ।

(४) उपदफा (२) बमोजिमको कृषि आयमा कर कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तरगतको कृषि ज्ञान केन्द्रले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

८. **पर्यटन शुल्क:** (१) आर्थिक वर्ष २०८०/८१ मा प्रदेश पर्यटन ऐन, २०७८ बमोजिम पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क प्रदेश पर्यटन सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको निकाय वा कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

९. **<u>ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क:</u>** (१) आर्थिक वर्ष २०८०/८१ मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको संकलनमा अनुसूची — ५ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) आर्थिक वर्ष २०८०/८१ मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको उत्खनन्, संकलन, प्रशोधन वा बिक्री वितरण गर्दा प्रचलित कानून उल्लङ्घन गरेको पाइएमा अनुसूची — ६ बमोजिम जरिवाना लगाइने र असुल उपर गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको शुल्क र जरिवाना स्थानीय तहले संकलन गर्नेछ । उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँड गरी साठी प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(५) स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा बिक्री मूल्य तोक्न सक्नेछ।

(६) यस दफा बमोजिम माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको र नदीजन्य, खानीजन्य तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ । प्रदेश सरकारले निर्धारण

गरेको कार्यविधिको उल्लङ्घन गरेमा अनुसूची – ६ बमोजिमको जरिवाना लाग्नेछ ।

१०. **जरिवाना:** (१) प्रदेशभित्र कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ ।

११. **अन्य राजस्व:** (१) प्रदेश सरकारको विभिन्न मन्त्रालय मातहत रहेका कार्यालयहरूको कार्यप्रकृति अनुसार वस्तु तथा सेवा प्रवाहको माध्यमबाट संकलन हुने दर्ता शुल्क, बिक्री मूल्य वा शुल्क तथा दस्तुर प्रदेश कानूनमा निर्धारण भई नसकेको अवस्थामा प्रचलित कानूनमा उल्लेख भएको दरमा संकलन गर्नु पर्नेछ।

(२) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन अनुमति तथा नवीकरण शुल्क अनुसूची – ७ बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम संकलन भएको कर तथा गैर कर राजस्व रकम राजस्व व्यवस्थापन सूचना प्रणाली मार्फत मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

१२. **दर घटाउन, बढाउन वा छुट दिन सक्ने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइने दस्तुर, शुल्क, महशुल र करको दर

घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दर घटाएको, बढाएको वा छुट दिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम दिएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिएको दस्तुर, शुल्क, महशुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

१३. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने:** (१) प्रचलित कर सम्बन्धी कानून वा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**१४. घर जग्गा रजिष्ट्रेशन शुल्कमा छुट सम्बन्धी विशेष व्यवस्था:** (१) काठमाडौं उपत्यकाभित्रका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका स्थानहरू, भरतपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका क्षेत्र बाहेक बागमती प्रदेशका अन्य स्थानमा उत्पादनमूलक उद्योग स्थापना गर्नका लागि जग्गा खरिद गर्दा प्रचलित घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको छुट काठमाडौं उपत्यकाभित्रका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा हाल सञ्चालनमा रहेका उत्पादनमूलक उद्योगले आफ्नो कारखाना काठमाडौं उपत्यका बाहिरका प्रदेशभित्रका अन्य गाउँपालिका र नगरपालिका क्षेत्रमा स्थानान्तरण गरेमा समेत प्रदान गरिनेछ ।

तर, काठमाडौं उपत्यकाभित्रका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका स्थानहरू, भरतपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका क्षेत्रमा त्यसरी उद्योगको कारखाना स्थानान्तरण गरेकोमा यस उपदफा बमोजिमको छुट प्रदान गरिने छैन ।

(३) यस दफा बमोजिम छुट लिई खरिद गरेको जग्गा उद्देश्य विपरीत प्रयोग गरेको पाइएमा वा बिक्री गरेमा छुट पाएको रजिष्ट्रेशन शुल्क जग्गा बिक्री गर्दाका बखत सम्बन्धित मालपोत कार्यालयले फिर्ता गर्न लगाउनु पर्नेछ ।

**१५. <u>प्रादेशिक व्यापार तथा व्यवसायको लागि छुट सम्बन्धी विशेष व्यवस्था:</u>** (१) प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम कुनै महिला, अपाङ्गता भएको व्यक्ति वा दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायका व्यक्तिले प्राइभेट फर्म रजिष्ट्रेशन गर्न चाहेमा त्यस्तो फर्म रजिष्ट्रेशन गर्दा प्रचलित प्रदेश कानून वमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।

(२) उपदफा (१) बमोजिम छुट प्राप्त गर्नका लागि अपाङ्गता भएको व्यक्ति वा दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायका व्यक्तिले नेपाल सरकारको सम्बन्धित निकाय वा स्थानीय तहबाट जारी गरिएको अपाङ्गता भएको, दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको व्यक्ति रहेको पहिचान हुने प्रमाणपत्रको प्रतिलिपि फर्म दर्ता गर्दाका बखत दर्ता गर्ने निकायमा पेश गर्नु पर्नेछ ।

**१६. <u>प्रदेशमा दर्ता भएका पर्यटन व्यवसायको दर्ता खारेजीको लागि छुट सम्बन्धी विशेष व्यवस्था:</u>** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश पर्यटन ऐन, २०७८ बमोजिम प्रदेशभित्र दर्ता रहेका ट्राभल, ट्रेकिङ, जलयात्रा, पर्यटक यातायात लगायतका पर्यटन व्यवसाय तथा एजेन्सीहरूको इजाजतपत्रको म्याद समाप्त भएको र इजाजतपत्र खारेज गर्नुपर्ने भएमा इजाजतप्राप्त व्यक्तिले २०८० साल फाल्गुन मसान्तभित्र त्यस्तो इजाजतपत्र खारेज गराउन सम्बन्धित निकायमा निवेदन दिएमा इजाजतपत्रको म्याद समाप्त भएपश्चात कुनै पनि कारोबार गरिएको नदेखिएमा सम्बन्धित पर्यटन व्यवसायको दर्ता वापत निर्धारित शुल्क मात्र लिई खारेज गर्न सकिनेछ ।

**१७. <u>प्रदेश सवारी तथा यातायात व्यवस्थासँग सम्बन्धित विशेष व्यवस्था:</u>** (१) आ.व. २०६९/७० देखि २०७८/७९ सम्म नियमानुसार सवारी

साधन कर नबुझाएका र सवारी साधन दर्ताको प्रमाणपत्र नवीकरण नगरेका निर्माण उद्योगसँग सम्बन्धित डोजर, लोडर, एक्साभेटर, रोलर, क्रेन जस्ता मेसिनरी उपकरणका सवारी धनीले सम्वत् २०८० साल पौष मसान्तभित्र सवारी साधन कर बुझाउन आएमा सो अवधिमा लाग्ने जरीवानामा नब्बे प्रतिशत छुट दिई सो अवधि भरिको सवारी साधन कर तथा दर्ता प्रमाणपत्र नवीकरण बापत लाग्ने दस्तुर लिई सवारी साधनको नवीकरण गरिनेछ ।

(२) बागमती प्रदेश बाहेक अन्य प्रदेशमा दर्ता भएका सवारी साधन सम्वत् २०८० साल फाल्गुन मसान्तभित्र बागमती प्रदेशमा सरुवा दर्ता हुन चाहेमा तोकिएको सवारी साधन सरुवा दर्ता दस्तुरमा पचहत्तर प्रतिशत छुट दिइनेछ साथै त्यसरी सरुवा दर्ता भएको वर्षको सवारी साधन दर्ता प्रमाणपत्र नवीकरण दस्तुरमा पच्चीस प्रतिशत छुट दिइनेछ ।

(३) प्रदेश सरकार मातहतका निकायहरूमा कम्तीमा बीस वर्षभन्दा पुराना भई बिग्री काम नलाग्ने भएका तथा मर्मत सम्भार गरेर सञ्चालन गर्न उपयुक्त नदेखिएका सरकारी सवारी साधनहरूको दर्ता खारेज गराउने प्रयोजनका लागि सम्बन्धित सवारी धनी निकायले प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयको स्वीकृतिमा बीस वर्ष पछाडिको कर, दस्तुर र जरिवाना मिनाहा हुने गरी सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट सवारी साधनको अभिलेखबाट लगतकट्टा गराई सवारी दर्ताको प्रमाणपत्र खारेज गराउन सक्नेछ ।

(४) बागमती प्रदेशभित्र दर्ता भएका बीस वर्ष पुराना सार्वजनिक सवारी साधनका सवारी धनीले आफ्नो सवारी साधनको दर्ता खारेज गराउने प्रयोजनार्थ सम्वत् २०८० साल फाल्गुण मसान्तभित्र सम्बन्धित

यातायात व्यवस्था कार्यालयमा बीस वर्षसम्मको तिर्न बुझाउन बाँकी सवारी साधन कर तथा सवारी साधन दर्ता प्रमाणपत्र नवीकरण वापतको दस्तुर बुझाएमा सो अवधिको जरिवानामा नब्बे प्रतिशत छुट दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयहरूबाट त्यस्ता सवारी साधनको अभिलेखबाट लगतकट्टा गराई सवारी दर्ता प्रमाणपत्र खारेज गराउन सक्नेछ ।

१८. **प्रदेश पर्यटन ऐन, २०७८ मा संशोधन:** प्रदेश पर्यटन ऐन, २०७८ को दफा ३३ को उपदफा (२) मा रहेको "पच्चीस रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई सय रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

१९. **प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ मा संशोधन:** प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ को, -

(१) दफा १५ को उपदफा (४) हटाइएको छ ।

(२) दफा १७ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ –

"(क) नवीकरण गर्ने अवधि समाप्त भएको लगातार पाँच वर्षसम्म पनि नवीकरण नगराएमा,"

(३) अनुसूची – २ को सट्टा देहायको अनुसूची – २ राखिएको छ –

**"अनुसूची – २**

(दफा ४ को उपदफा (२), दफा ९क को उपदफा (२) र दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**प्राइभेट फर्म, साझेदारी फर्म तथा व्यवसाय गर्ने कम्पनीको दर्ता दस्तुर**

| सि.नं. | पूँजी | दस्तुर (रुपैयाँमा) | कैफियत |
|---|---|---|---|
| १. | एक लाख रुपैयाँसम्म | १०००/- | |
| २. | एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ३०००/- | |

| | | | |
|---|---|---|---|
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ६०००/- | |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | १२०००/- | |
| ५. | बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | २००००/- | |
| ६. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २८०००/- | |
| ७. | एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ३६०००/- | |
| ८. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ४४०००/- | |
| ९. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | ५२०००/- | |
| १०. | दश करोड रुपैयाँभन्दा बढी | ६००००/- | " |

(४)अनुसूची – ४ को सट्टा देहायको अनुसूची – ४ राखिएको छ –

**"अनुसूची – ४**

(दफा ५ को उपदफा (३) र (४), दफा ९ को उपदफा (४) तथा दफा ९ख को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्राइभेट फर्म तथा व्यवसाय गर्ने कम्पनीको अनुमतिपत्र नवीकरण दस्तुर र जरिवाना</u>**

| सि.नं. | पूँजी | नवीकरण दस्तुर (रुपैयाँमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | पैंतीस दिनभित्र | नब्बे दिनभित्र | एक वर्षसम्म | एक वर्ष नाघेपछि | |
| | | | | | दस्तुर | थप जरिवाना |
| १. | एक लाख रुपैयाँ सम्म | ६००/- | ९००/- | १२००/- | १२००/- | ६००/- प्रतिवर्ष |
| २. | एक लाख रुपैयाँभन्दा | १०००/- | १५००/- | २०००/- | २०००/- | १०००/- प्रतिवर्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बढी तीन लाख रुपैयाँसम्म | | | | | |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | १६००/- | २४००/- | ३२००/- | ३२००/- | १६००/- प्रतिवर्ष |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ३०००/- | ४५००/- | ६०००/- | ६०००/- | ३०००/- प्रतिवर्ष |
| ५. | बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | ५०००/- | ७५००/- | १००००/- | १००००/- | ५०००/- प्रतिवर्ष |
| ६. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ६५००/- | ९७५०/- | १३०००/- | १३०००/- | ६५००/- प्रतिवर्ष |
| ७. | एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ८०००/- | १२०००/- | १६०००/- | १६०००/- | ८०००/- प्रतिवर्ष |
| ८. | तीन करोड रुपैयाँभन्दा बढी पाँच | ११०००/- | १६५००/- | २२०००/- | २२०००/- | ११०००/- प्रतिवर्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | करोड रुपैयाँसम्म | | | | | |
| ९. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | १५०००/- | २२५००/- | ३००००/- | ३००००/- | १५०००/- प्रतिवर्ष |
| १०. | दश करोड रुपैयाँभन्दा बढी | २००००/- | ३००००/- | ४००००/- | ४००००/- | २००००/- प्रतिवर्ष" |

(५) अनुसूची –५ को सट्टा देहायको अनुसूची –५ राखिएको छ –

**"अनुसूची –५**

(दफा १५ को उपदफा (१) र (३) सँग सम्बन्धित)

**साझेदारी फर्म नवीकरण दस्तुर**

| सि.नं. | पूँजी | नवीकरण दस्तुर (रुपैयाँमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | पैंतीस दिनभित्र | नब्बे दिनभित्र | एक वर्षसम्म | एक वर्ष नाघेपछि | |
| | | | | | दस्तुर | थप जरिवाना |
| १. | एक लाख रुपैयाँ सम्म | ३००/- | ४५०/- | ६००/- | ६००/- | ३००/- प्रतिवर्ष |
| २. | एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ४००/- | ६००/- | ८००/- | ८००/- | ४००/- प्रतिवर्ष |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच | ७००/- | १०५०/- | १४००/- | १४००/- | ७००/- प्रतिवर्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लाख रुपैयाँसम्म | | | | | |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | १२००/- | १८००/- | २४००/- | २४००/- | १२००/- प्रतिवर्ष |
| ५. | बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | २०००/- | ३०००/- | ४०००/- | ४०००/- | २०००/- प्रतिवर्ष |
| ६. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ३०००/- | ४५००/- | ६०००/- | ६०००/- | ३०००/- प्रतिवर्ष |
| ७. | एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ४०००/- | ६०००/- | ८०००/- | ८०००/- | ४०००/- प्रतिवर्ष |
| ८. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ५०००/- | ७५००/- | १००००/- | १००००/- | ५०००/- प्रतिवर्ष |
| ९. | पाँच करोड रुपैयाँभन्दा बढी दश | ६०००/- | ९०००/- | १२०००/- | १२०००/- | ६०००/- प्रतिवर्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | करोड रुपैयाँसम्म | | | | | |
| १०. | दश करोड रुपैयाँभन्दा बढी | ७०००/- | १०५००/- | १४०००/- | १४०००/- | ७०००/- प्रतिवर्ष" |

**२०. <u>प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा संशोधन</u>:** प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३८ को उपदफा (३) मा रहेको "दश प्रतिशत" भन्ने शब्दहरूको सट्टा "बीस प्रतिशत" भन्ने शब्दहरू राखिएका छन् ।

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

## घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

### (क) घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | काठमाडौं उपत्यका भित्रका | | काठमाडौं उपत्यका बाहिरका महानगरपालिका | उपमहानगरपालिका क्षेत्रको लागि | काठमाडौं उपत्यका बाहिरका नगरपालिका क्षेत्रको लागि | गाउँपालिका क्षेत्रको लागि |
| | | महानगरपालिका क्षेत्रको लागि | नगरपालिका क्षेत्रको लागि | | | | |
| १ | <u>राजीनामा, सट्टापट्टा, सगोलनामा र छोडपत्रको लिखत</u> | | | | | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आवास इकाईको लिखतको थैली अङ्कमा | | | | | | |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखत थैली अङ्कमा | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |
| | (घ) छोडपत्र (आफ्नो हक हिस्सा बराबरको) थैली अङ्कमा | | | | | | |
| | अ) तीन पुस्ताभित्रको | बकसपत्र सरह | | | | | |
| | आ) तीन पुस्ता बाहिरको | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |
| २ | **दर्ताफारी (संयुक्त दर्तावालाबीचको) लिखतको थैली अङ्कमा** | ३.३% | २.८% | ३.१५% | २.६५% | २.५% | २% |
| ३ | **हालैदेखिको बकसपत्रको लिखत थैली अङ्कमा** | | | | | | |
| | (क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बहिनी, छोरा, धर्मपुत्र, छोरा-बुहारी, छोरी, धर्मपुत्री, छोरी-ज्वाँइ, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका-काकी, मामा-माइजू, भान्जा-भान्जी, ठूलोबुवा, ठूलीआमा (बाबु तर्फका), आमाजू, नन्द, सौता-सौता र एकै दाजु-भाइ दिदी-भाइको छोरा, छोरी, फुपू र भदा-भदै बीच | | | | | | |
| | अ. एक लाख सम्मको थैली अङ्कमा | २.३% | १.८% | २.१५% | १.६५% | १.५% | १% |
| | आ. एक लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.८% | २.३% | २.६५% | २.१५% | २% | १% |
| | (ख) अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा | १५.३% | १५.३% | १५.१५% | १५.१५% | १५% | १०% |

| | | | | |
|---|---|---|---|---|
| | **स्पष्टीकरण:** सरकारी विश्वविद्यालय सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा नेपाल सरकार तथा प्रदेश सरकारको गठन आदेशबाट गठित समिति, बोर्ड, प्रतिष्ठान, संस्थान, आयोग तथा आयोजना र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन। | | | |
| | **लिखतको प्रकार** | **महानगरपालिका क्षेत्रको लागि** | **उपमहानगरपालिका र नगरपालिका क्षेत्रको लागि** | **गाउँपालिका क्षेत्रको लागि** |
| ४ | **अंशबण्डा तथा अंश भरपाईको लिखतमा** | | | |
| | (क) पचास लाख रुपैयाँसम्मको थैली अङ्कमा | ०.३% | ०.३% | ०.३% |
| | (ख) पचास लाख रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्मको थैली अङ्कमा | ०.४% | ०.४% | ०.४% |
| | (ग) तीन करोड रुपैयाँभन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% |
| ५ | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | १५०००/- | ११०००/- | ५०००/- |

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | (ख) मानो जोडिएको प्रति लिखत | ३००००/- | २८०००/- | १५०००/- |
| ६ | **शेषपछिको बकसपत्रको लिखत तथा अष्टलोहको प्रति लिखत** | | | |
| | (क) तीन पुस्ताभित्रको | १००००/- | ८०००/- | ७०००/- |
| | (ख) तीन पुस्ताबाहिरको | १५०००/- | १२०००/- | ११०००/- |
| ७ | **शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा** | | | |
| | (क) शर्त संशोधन | २०००/- | १५००/- | १०००/- |
| | (ख) बकसपत्र रद्द | २५००/- | २०००/- | १५००/- |
| ८ | **अन्य लिखत** | | | |
| | (क) रकम खुलेकोमा | ४% | ३% | २% |
| | (ख) रकम नखुलेकोमा | ७०००/- | ६०००/- | ३०००/- |
| ९ | **धितो/दृष्टिवन्धकीको लिखत** व्यक्तिगत दृष्टीवन्धकी, भोगवन्धकी र लख वन्धकीको लिखतको थैली अङ्कमा | १% | १% | १% |
| १० | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत** | २०००/- | २०००/- | २०००/- |

| | | | | |
|---|---|---|---|---|
| ११ | **कपाली तमसुक र करारनामाको लिखत**<br>दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत थैली अङ्कमा | १% | १% | १% |
| १२ | गुठी स्थापना गरेको लिखत (प्रति लिखत) | ४०००/- | ३०००/- | २०००/- |
| १३ | गुठी नवीकरण | ३०००/- | २०००/- | १०००/- |
| १४ | **मासिक एक लाखभन्दा बढी घर बहाल लिनु दिनु गरेको लिखत**<br>(पहिलो महिनाको बहाल वापतको रकमलाई थैली अङ्क मान्ने) | ३% | २% | १% |
| १५ | अचल सम्पत्ति फलोपभोग भएको लिखत थैली अङ्कमा | ०.२५% | ०.२५% | ०.२५% |

## (ख) बेजिल्ला/बेइलाका पारित सम्बन्धी व्यवस्था:

| सि.नं. | लिखतको प्रकार | बेजिल्ला पारितको राजस्व दस्तुर | | |
|---|---|---|---|---|
| | | १ | २ | ३ |
| | | रजिष्ट्रेशन दस्तुर | प्रदेशभित्रको बेजिल्ला लिखत पारित दस्तुर | प्रदेश बाहिरको बेजिल्ला लिखत पारित दस्तुर |
| क | राजीनामा, सट्टापट्टा, सगोलनामा, छोडपत्र, दर्ताफारी, हालैदेखिको बकसपत्र, शेषपछिको बकसपत्र, अष्टलोह, मानो जोडिएको, मानो छुट्टिएको, बन्धकीको लिखत, कपाली तमसुक र करारनामाको लिखत बेजिल्ला बेइलाका पारित हुने । | १. बागमती प्रदेश भित्रको हकमा यस ऐनको अनुसूची –१ मा तोकिए बमोजिमको शुल्क सम्बन्धित जग्गा भएको मालपोतकै खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्ने ।<br>२. बागमती प्रदेश बाहेकका हकमा सम्बन्धित प्रदेशले रजिष्ट्रेशन शुल्क वापत तोकेको रकम सम्बन्धित जग्गा भएको मालपोतकै खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्ने । | महल १ को सि.नं. १ अनुसार बुझाएको रकमको १० प्रतिशत थप रकम बेजिल्ला लिखत पारित दस्तुर वापत तिर्नु बुझाउनु पर्नेछ । | महल १ को सि.नं. २ अनुसार बुझाएको रकमको १० प्रतिशत थप रकम बेजिल्ला लिखत पारित दस्तुर वापत तिर्नु बुझाउनु पर्नेछ । |

| | | | | |
|---|---|---|---|---|
| ख | अंशवण्डा तथा अंश भरपाईको लिखत बेजिल्ला दस्तुर । | अनुसूची – १ मा तोकिए बमोजिमको शुल्क सम्बन्धित जग्गा भएको मालपोतकै खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्ने । | | |
| **स्पष्टीकरण:** काठमाण्डौं उपत्यकाभित्रका (काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्ला) मालपोत कार्यालयहरूबीच बेजिल्ला र बेइलाका तथा चितवन जिल्लामा बेइलाका लिखत पारित हुने छैन । बेजिल्ला/बेइलाकाको लिखत पारित गर्दा ससिम पारित गर्नु पर्नेछ । | | | | |

## (ग) सेवा शुल्क:

| सि.नं. | लिखतको प्रकार | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको लागि | उपमहानगरपालिका र नगरपालिका क्षेत्रको लागि | गाउँपालिका क्षेत्रको लागि |
| १ | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा प्रति लिखत डोर शुल्क/दस्तुर | | | |
| | (क) काठमाण्डौं उपत्यका क्षेत्रमा | २००००/- | १५०००/- | १००००/- |
| | (ख) अन्य क्षेत्रमा | १५०००/- | १००००/- | ५०००/- |
| २ | **वित्तीय धितो:** नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| | (क) पाँच लाख रुपैयाँ सम्मको लिखतको थैली अङ्कमा *(सहकारी बाहेक)* | २०००/- | २०००/- | २०००/- |

| | | | | |
|---|---|---|---|---|
| | (ख) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | २५००/- | २५००/- | २५००/- |
| | (ग) दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ५०००/- | ५०००/- | ५०००/- |
| | (घ) बीस लाख रुपैयाँभन्दा बढी चालीस लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ८०००/- | ८०००/- | ८०००/- |
| | (ङ) चालीस लाख रुपैयाँभन्दा बढी असी लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | १२५००/- | १२५००/- | १२५००/- |
| | (च) असी लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | २५०००/- | २५०००/- | २५०००/- |

बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | (छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ५0000/- | ५0000/- | ५0000/- |
| | (ज) दुई करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ७५000/- | ७५000/- | ७५000/- |
| | (झ) पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ११0000/- | ११0000/- | ११0000/- |
| | (ञ) दश करोड रुपैयाँभन्दा बढी पन्ध्र करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | १२५000/- | १२५000/- | १२५000/- |
| | (ट) पन्ध्र करोड रुपैयाँभन्दा बढी बीस करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | १५0000/- | १५0000/- | १५0000/- |

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | ठ) बीस करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | १७५०००/- | १७५०००/- | १७५०००/- |
| | ड) पचास करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | २०००००/- | २०००००/- | २०००००/- |
| | ढ) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै लिखतको थैली अङ्कमा | ३०००००/- | ३०००००/- | ३०००००/- |
| ३ | **लिज**<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ ले व्यवस्था गरेको लिज रकमको दर अनुसार शुल्क लाग्नेछ। | | | |
| ४ | **जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि प्रति पूर्जा** | | | |
| | (क) जग्गाधनी दर्ता श्रेस्ताको प्रमाणित प्रतिलिपिको लागि | १००/- | १००/- | १००/- |
| | (ख) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपिको लागि | २०००/- | १५००/- | १०००/- |

| | | | | |
|---|---|---|---|---|
| | (ग) पूर्जाको रातो कभर बापतको शुल्क | नलाग्ने | नलाग्ने | नलाग्ने |
| ५ | **दाखिला खारेज शुल्क** | | | |
| | (क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा | ५% | ४.५% | ३% |
| | (ख) अन्य मिलापत्र / दर्ता फारी फैसला/ आदेश (अंश र अपुताली बाहेक) को दाखिला खारेज गर्दा <br>***द्रष्टव्यः*** *अदालतको मिलापत्र वा फैसलाबाट दर्ताफारीमा वादीसँग (दर्ताफारीको मागदावी रहेको पक्ष) कानून बमोजिमको दर्ताफारी शुल्क असुल गरिसकिएपछि बाँकी रहने* | ५% | ४.५% | ३% |

| | | | | |
|---|---|---|---|---|
| | *जग्गामा पुनः दर्ताफारी वापत शुल्क लिइने छैन ।* | | | |
| | (ग) बैंक तथा वित्तीय संस्था वा सहकारी संघ/संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिला खारेज गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| | (घ) बैंक वित्तीय संघ/संस्था वा सहकारी संघ संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक तथा वित्तीय संघ/संस्था वा सहकारी संघ/ संस्थाले आफ्नो नाममा दाखिला | १००००/- | ८०००/- | ५०००/- |

बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | खारेज गर्दा प्रति मिसिल | | | |
| | (ङ) बैंक वित्तीय संस्था वा सहकारी संघ/संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक तथा संघ/संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | ३.५% | २.५% | २% |
| | (च) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल | ७०००/- | ५०००/- | ३०००/- |
| | (छ) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँड भई दाखिला खारेज हुन आउँदा प्रति मिसिल | १०००/- | ८००/- | ५००/- |
| | (ज) शेषपछिको बकसपत्रको दाखिला खारेज | | | |

| | | | | |
|---|---|---|---|---|
| | अ. तीन पुस्ताभित्रको भए | अंशवण्डा वापत लाग्ने दस्तुर सरह | अंशवण्डा वापत लाग्ने दस्तुर सरह | अंशवण्डा वापत लाग्ने दस्तुर सरह |
| | आ. तीन पुस्ता बाहिरको भए (थैली अङ्कमा) | राजीनामा वापत लाग्ने दस्तुर सरह | राजीनामा वापत लाग्ने दस्तुर सरह | राजीनामा वापत लाग्ने दस्तुर सरह |
| ६ | **नामसारी प्रति लिखत** | | | |
| | (क) तीन पुस्ताभित्रको नामसारी गर्दा | २५००/- | २५००/- | २५००/- |
| | (ख) तीन पुस्ता बाहिरको नामसारी गर्दा | ५०००/- | ५०००/- | ५०००/- |
| ७ | **हाल साविक** | | | |
| | पुनः नापजाँचपछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | २०००/- | १५००/- | ८००/- |
| ८ | **घर कायम** | | | |
| | (क) श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदन | २५००/- | २०००/- | १०००/- |
| | (ख) श्रेस्ता पूर्जामा घर पाताल जनाउने | ५००/- | ४००/- | ३००/- |
| ९ | **संशोधन दस्तुर** | | | |
| | मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) अनुसारको विवरण संशोधन गर्नुपर्दा प्रति मिसिल | १०००/- | ८००/- | ६००/- |

| | | | | |
|---|---|---|---|---|
| १० | **<u>रोक्का दस्तुर</u>** | | | |
| | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भए पनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | (ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | |
| | अ. पाँच लाख रुपैयाँ सम्मको ऋण अङ्कमा | १५००/- | १०००/- | ५००/- |
| | आ. पाँच लाख रुपैयाँभन्दा बढी दशलाख रुपैयाँ सम्मको ऋण अङ्कमा | २०००/- | १५००/- | १०००/- |
| | इ. दश लाख रुपैयाँ माथिको जतिसुकै ऋण अङ्कमा | ३०००/- | २५००/- | २०००/- |
| | ई. ऋण अङ्क नखुलेकोमा | ८०००/- | ६०००/- | ५०००/- |
| ११ | **<u>जग्गा खण्डीकरण (प्लटिङ्ग) वापत शुल्क (प्रति मिसिल)</u>** | | | |
| | (क) ३३८६.३१ ब.मी. सम्म क्षेत्रफलमा | १५०००/- | १००००/- | ५०००/- |
| | (ख) ३३८६.३१ ब.मी. भन्दा बढी | २५०००/- | १५०००/- | १००००/- |

| | | | | |
|---|---|---|---|---|
| | ६७७२.६२ ब.मी. सम्म क्षेत्रफलमा | | | |
| | (ग) ६७७२.६२ भन्दा बढी क्षेत्रफलमा | ३५०००/- | २५०००/- | १५०००/- |
| | **स्पष्टीकरण:** कम्पनी वा व्यक्तिको स्वामित्वमा रहेको जग्गा आवासीय प्रयोजनको लागि जग्गा विकास कार्यक्रम (प्लटिङ्ग) सञ्चालनका लागि जग्गा खण्डिकरण गर्दा प्रति मिसिलमा लगाइने । | | | |

## (घ) विविध:

| | |
|---|---|
| १ | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ। एक पटक कारोबार भएको थैली अङ्क भन्दा कम मूल्यांकन कायम गरी लिखत पारित गर्न पाईने छैन । |
| २ | अंशवण्डामा लिखतमा उल्लेख भएको सम्पूर्ण घर,जग्गा, घर जग्गाको आधारमा थैली अङ्क कायम गर्ने र अंशभरपाइको हकमा अंश वापत जाने घर, जग्गा वा घर जग्गाको मात्र थैली कायम हुनेछ। |
| ३ | स्वदेशी लगानीका जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, डेरी, अलैची खेती, जडीवुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ। यस्तो सुविधा लिन व्यवसाय सञ्चालन भएको क्षेत्रको स्थानीय तहको सिफारिस तथा व्यवसाय सञ्चालन अनुमति लिएको कागजात पेश गर्नु पर्नेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ४ | स्वदेशी लगानीका सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट |

| | |
|---|---|
| | हुनेछ। यस्तो सुविधा लिन व्यवसाय सञ्चालन भएको क्षेत्रको स्थानीय तहको सिफारिस तथा व्यवसाय सञ्चालन अनुमति लिएको कागजात पेश गर्नु पर्नेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ५ | स्वदेशी लगानीका सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। यस्तो सुविधा लिन व्यवसाय सञ्चालन भएको क्षेत्रको स्थानीय तहको सिफारिस तथा व्यवसाय सञ्चालन अनुमति लिएको कागजात पेश गर्नु पर्नेछ ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ६ | कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र आन्तरिक राजस्व विभागबाट स्वीकृति प्राप्त अवकाश कोषमा नियमित वचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरू तथा त्यस्ता सञ्चयकर्ताहरूको आफ्नो पति वा पत्नीको नाममा रहेको सम्पत्ति धितो/बन्धकी लिई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितो/बन्धकीको दृष्टिबन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क रु. २०००/- लाग्नेछ । |
| ७ | क. सहकारी ऐन २०७४ तथा बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ र बागमती प्रदेशभित्रका स्थानीय तहको कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबीच ऋण लगानी/प्रवाह गर्दा पाँच लाख रुपैयासम्मको थैली अङ्कमा रोक्का दस्तुर बाहेक सेवा शुल्क वापत रु. १०००/- लाग्नेछ ।<br>सो भन्दा माथिको थैली अङ्कमा यस अनुसूचीको खण्ड (ग) सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ । |
| | ख. बैकिङ्ग तथा वित्तीय व्यवसाय र वीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू साथै सहकारी संघ/संस्थाहरू एक आपसमा गाभिएमा संस्थाहरूले सो प्रयोजनका लागि घर जग्गा एकीकृत गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर/शुल्क लाग्ने छैन । |
| ८ | जनआन्दोलन, सशस्त्र संघर्ष, र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहिद र वेपत्ता पारिएका ब्यक्तिको आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको |

| | |
|---|---|
| | नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा परिचयपत्र वा आश्रित परिवारको स्थायी ठेगाना भएको स्थानीय तहको सिफारिस पेश गरेमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्णरुपमा छुट हुनेछ । |
| ९ | अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका तथा अल्पसंख्यक, सिमान्तीकृत जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा उपरोक्त व्यक्तिहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ ।<br>तर, दलित समुदायका व्यक्तिको हकमा राष्ट्रिय दलित आयोगले प्रकाशित गरेको दलित थरको सूचीमा सूचीकृत दलित थर भएका व्यक्तिहरूको हकमा अन्य छुट्टै प्रमाण आवश्यक पर्ने छैन । |
| १० | क. महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र बुवा आमा बिहिन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ। |
| | ख. गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा महिलाको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पैंतीस प्रतिशत छुट हुनेछ। |
| | ग. देहायको स्थानमा पचास प्रतिशत छुट हुनेछ, -<br>अ. रसुवा जिल्लाका स्याफ्रु, लाङ्टाङ, बृद्धिम, थुमन, टिमुरे, यार्सा, समरथली, भोर्ले , धैबुङ्ग, राम्चे, हाकु, लहरेपौवा, ठूलोगाउँ, डाँडागाउँ, गत्लाङ्ग, चिलिमे र गोल्जुङ्ग साविकको गाउँ विकास समितिको हकमा ।<br>आ. दोलखा जिल्लाका लामाबगर, गौरीशंकर, आलम्पु, मार्वु, स्यामा, विगु, खारे र चिलंखा साविकको गाउँ विकास समितिको हकमा ।<br>इ. धादिङ जिल्लाका सेर्तुङ, तिप्लीङ, री, लप्पा, ओलाङ, सत्यदेवी, दार्खा, वसेरी, बुढाथुम, मूलपानी, फूलखर्क, सल्यानकोट र गुम्दी साविकको गाउँ विकास समितिको हकमा ।<br>ई. सिन्धुपाल्चोक जिल्लाको तातोपानी, गुम्वा, गोल्चे र फुल्पीङकट्टी साविकको गाउँ विकास समितिको हकमा । |

<table>
<tr><td></td><td>घ. हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा साविकको थैली अङ्क कायम गरी सो सगोलनामाको लिखतमा पाँच सय रुपैयाँ मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ ।</td></tr>
<tr><td></td><td>ङ. तीन सय जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ।</td></tr>
<tr><td>११</td><td>भूमिहीन मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रुपमा छुट हुनेछ ।</td></tr>
<tr><td>१२</td><td>बैंक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिला खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ ।</td></tr>
<tr><td>१३</td><td>मालपोत कार्यालयहरूले संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क मध्येबाट मालपोत/भूमि सुधार/नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा श्रेस्ता व्यवस्थापनको लागि दुई(२) प्रतिशत कट्टा गरी सो समेत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।</td></tr>
<tr><td>१४</td><td>सहकारी ऐन, २०७४ तथा बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ बमोजिम दर्ता भएका सहकारी संघ तथा संस्थाहरूलाई आफ्नो कार्यालय भवन निर्माणका लागि देहायका क्षेत्रमा देहाय क्षेत्रफलसम्मको जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सम्बन्धित स्थानीय तह र सहकारी हेर्ने मन्त्रालयको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतिमा पूर्ण रुपमा छुट हुनेछः-
<table>
<tr><th>क्षेत्र</th><th>क्षेत्रफल</th><th>कैफियत</th></tr>
<tr><td>काठमाडौं उपत्यका</td><td>१ रोपनी</td><td>यस्तो छुट उल्लिखित क्षेत्रफलभित्रको जग्गा जमिन</td></tr>
</table>
</td></tr>
</table>

<table>
<tr><td></td><td>
<table>
<tr><td>पहाडी क्षेत्र</td><td>२ रोपनी</td><td rowspan="2">लगायतका अचल सम्पत्ति खरिद गर्दा एक पटकका लागि मात्र प्रदान गरिनेछ ।</td></tr>
<tr><td>अन्य क्षेत्र</td><td>३ कट्ठा सम्म</td></tr>
</table>
तर,<br>
(क) यस प्रावधान अन्तर्गत खरिद गरिने घर जग्गा लगायतका अचल सम्पत्ति खरिद गर्दा सम्बन्धित सहकारी संस्थाको पूर्ण स्वामित्व हुने अवस्थामा मात्र छुट प्रदान गरिनेछ ।<br>
(ख) व्यवसायिक प्रयोजनका लागि घर जग्गा लगायतका अचल सम्पत्ति खरिद गर्दा छुट पाइने छैन। छुट सुविधा लिई खरिद गरिएको घर जग्गा लगायतका अचल सम्पत्ति भाडामा दिन पाइने छैन।<br>
(ग) रजिष्ट्रेशन शुल्क छुट प्राप्त गरी खरिद गरिएको जग्गा जमिन लगायत अचल सम्पत्ति बिक्री गरेमा सो बापत छुट पाएको रजिष्ट्रेशन शुल्क फिर्ता गर्नु पर्नेछ । यस प्रावधान अन्तर्गतको शर्त पालना नगरेको पाइएमा जुनसुकै बखत सहकारी संस्थाले पाएको घर जग्गा रजिष्ट्रेशन शुल्क छुट फिर्ता दाखिला गर्नु पर्नेछ ।<br>
(घ) रजिष्ट्रेशन शुल्क छुट लिई खरिद गरेको घर जग्गा लगायत अचल सम्पत्ति बिक्री गर्दा सम्बन्धित स्थानीय तह र सहकारी हेर्ने मन्त्रालयको सिफारिस तथा सहमति समेत पेश गर्नु पर्नेछ ।
</td></tr>
<tr><td>१५</td><td>यस अनुसूचीको खण्ड (घ) को सि.नं. ९, १०, ११ र १२ बमोजिम छुट दिंदा एकै व्यक्तिले एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी हुने कुनै एकमात्र छुट दिइनेछ ।</td></tr>
<tr><td>१६</td><td>एउटै कारोबारबाट दश लाख रुपैंया वा सो भन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट, बैंक ग्यारेन्टी, ई पेमेण्ट वा राष्ट्र बैंकको निर्देशिका बमोजिम) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ ।</td></tr>
<tr><td>१७</td><td>पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिईनेछ ।</td></tr>
<tr><td>१८</td><td>तीन पुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा सि. नं. २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ ।</td></tr>
</table>

| | |
|---|---|
| १९ | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको घर जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २० | कुनै व्यक्तिको स्वामित्वमा रहेको घर जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २१ | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने घर जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ ।<br>तर एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागू हुने छैन । |
| २२ | गुठी संस्था दर्ता गर्दा सेवा शुल्क वापत रु. १०००/- लाग्नेछ । |
| २३ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयबाट संकलित घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको क-२.६ विविध खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि संकलित रकमको चालीस प्रतिशत प्रदेशलाई र साठी प्रतिशत सम्बन्धित स्थानीय तहहरूलाई बाँडफाँड गर्नु पर्नेछ । |
| २४ | यस अनुसूचीको खण्ड (घ) को सि.नं. ४, ५ र ६ को छुट पाउने संस्था वा निकायले आफ्नो निकायको कार्यप्रकृतिसँग सम्बन्धित कागजातको साथै सो प्रमाणित हुने सम्बन्धित स्थानीय तहको सिफारिस पनि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र सि.नं. ११ को खण्ड (ङ) को हकमा सम्बन्धित स्थानीय तहको अतिरिक्त श्रम तथा रोजगार कार्यालयको सिफारिस समेत पेश गर्नु पर्नेछ । |
| २५ | बैंक, वित्तीय संस्था वा सहकारी संस्थाबाट दिने कर्जाको थप धितो बन्धक वा दृष्टिबन्धक लिखतमा अघिल्लो पारित लिखतमा उल्लेख गरिएको रकममा नजोडी पछिल्लो लिखतमा उल्लेख गरिएको रकमको मात्र गणना गरी सो रकमलाई आधार मानी सेवा शुल्क लाग्नेछ । |
| २६ | भूमिसुधार/मालपोत कार्यालय अन्तर्गतबाट प्रवाह हुने सेवाहरू प्राप्त गर्नको लागि कारागारमा रहेका कैदीबन्दी तथा थुनुवा समेतको निवेदन प्राप्त हुन आएमा सम्बन्धित कारागार प्रमुख वा तोकिएका कर्मचारीले सो निवेदन सम्बन्धित |

<table>
<tr><td></td><td>भूमिसुधार/मालपोत कार्यालयमा पठाइ तहाँबाट प्राप्त अनुरोध सहितको पत्र तथा कागजातमा कारागार रहेको क्षेत्रको भूमिसुधार/मालपोत कार्यालयका कर्मचारीबाट सही सनाखत गराउन डोर खटाउन सकिनेछ । यसरी सनाखत गराउँदा कारागार प्रमुख वा निजले तोकेको कर्मचारीको रोहबरमा गर्नु पर्नेछ ।</td></tr>
<tr><td>२७</td><td>क. कुनै व्यक्तिले मासिक एक लाख रुपैयाँभन्दा कम बहाल रकम लिनु दिनु गरेको घर बहाल सम्झौताको लिखत सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा कार्यालयमा दर्ता गर्न ल्याएमा कार्यालयले त्यस्तो लिखतमा उल्लेख भएको घरबहाल वापत प्राप्त हुने पहिलो महिनाको बहाल रकमलाई थैली अङ्क मानी त्यस्तो थैली अङ्कको देहाय अनुसारको दरमा शुल्क लिई लिखत दर्ता गरी रजिष्ट्रेशन गर्नु पर्नेछ :-
<table>
<tr><th>महानगरपालिका तथा उपमहानगरपालिकाको क्षेत्रमा</th><th>नगरपालिकाको क्षेत्रमा</th><th>गाउँपालिकाको क्षेत्रमा</th></tr>
<tr><td>१%</td><td>०.५%</td><td>०.२५%</td></tr>
</table>
ख. माथि खण्ड क. अनुसार स्थानीय तहले संकलन गरेको शुल्क सम्बन्धित स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ । सम्बन्धित स्थानीय तहले यसरी जम्मा भएको रकम मध्ये साठी प्रतिशत रकम आफ्नो स्थानीय सञ्चित कोषमा र बाँकी चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।</td></tr>
</table>

हेटौंडा, नेपाल

# अनुसूची – २(क)

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

### (क) सवारी साधन कर

१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ:-

| सि.नं. | सवारी साधनको विवरण | वार्षिक सवारी कर |
|---|---|---|
| क. | कार, जीप, भ्यान माइक्रोबस | |
| | (अ) १००० सि.सि. सम्म | रु.२२०००/- |
| | (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि. सम्म | रु. २५०००/- |
| | (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि. सम्म | रु. २७०००/- |
| | (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि. सम्म | रु. ३७०००/- |
| | (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि. सम्म | रु. ५००००/- |
| | (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि. सम्म | रु. ६५०००/- |
| | (ऋ) ३५०० सि.सि. भन्दा माथि सबै | रु. ७००००/- |
| ख. | डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनिट्रिपर | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ४००००/- |
| | (आ) ट्रीपर | रु.३९०००/- |
| | (इ) मिनिट्रिपर | रु.३३०००/- |
| ग. | ट्रेक्टर, पावरटिलर | |
| | (अ) थ्री ह्वीलर र टेम्पो | रु. ६०००/- |
| | (आ) ट्रेक्टर | रु. ५५००/- |
| | (इ) पावरट्रिलर | रु. ४५००/- |

| | | |
|---|---|---|
| | (ई) मिनिट्रक/मिनिबस | रु. २७०००/- |
| | (उ) ट्रक/बस | रु. ३५०००/- |
| घ. | मोटरसाइकल/स्कुटर | |
| | (अ) १२५ सि.सि. सम्म | रु. ३०००/- |
| | (आ) १२५ सि.सि. भन्दा माथि १५० सि.सि. सम्म | रु. ५०००/- |
| | (इ) १५० सि.सि. भन्दा माथि २२५ सि.सि. सम्म | रु. ६५००/- |
| | (ई) २२५ सि.सि. भन्दा माथि ४०० सि.सि. सम्म | रु. १२०००/- |
| | (उ) ४०० सि.सि. भन्दा माथि ६५० सि.सि. सम्म | रु. २५०००/- |
| | (ऊ) ६५० सि.सि. भन्दा माथि सबै | रु. ३५०००/- |

२. भाडमा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ:-

| सि.नं. | सवारी साधनको विवरण | वार्षिक सवारी कर |
|---|---|---|
| क. | कार, जीप, भ्यान, माइक्रो बस | |
| | (अ) १००० सि.सि. सम्म | रु.११०००/- |
| | (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि. सम्म | रु.१२५००/- |
| | (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि. सम्म | रु.१३५००/- |
| | (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि. सम्म | रु.१४५००/- |
| | (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि. सम्म | रु.१६५००/- |
| | (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि. सम्म | रु.१७५००/- |
| | (ऋ) ३५०० सि.सि. भन्दा माथि ४००० सि.सि. सम्म | रु.१९०००/- |

| | | |
|---|---|---|
| | (ए) ४००१ सि.सि. भन्दा माथि सबै | रु.२२०००/- |
| ख. | डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. २१०००/- |
| ग. | ट्रिपर | रु. १९०००/- |
| घ. | मिनिट्रिपर | रु. १८०००/- |
| ङ. | ट्रेक्टर, पावर टिलर | |
| | (अ) थ्री ह्वीलर र टेम्पो | रु.६०००/- |
| | (आ) ट्रेक्टर | रु.५५००/- |
| | (इ) पावर टिलर | रु.४५००/- |
| | (ई) मिनिबस/मिनिट्रक | रु.१५०००/- |
| | (उ) ट्रक/बस/पानी टयाङ्कर | रु.२००००/- |
| | (ऊ) तेल टयाङ्कर | रु.२२०००/- |
| | (ऋ) ग्यास बुलेट | रु.२५०००/- |

३. निजी विद्युतीय सवारी साधन देहाय बमोजिम सवारी साधन कर लाग्नेछ:-

| सि.नं. | सवारी साधनको विवरण | वार्षिक सवारी कर |
|---|---|---|
| क. | कार, जीप, भ्यान माइक्रोबस र बस | |
| | (अ) १० किलोवाटभन्दा माथि ५० किलोवाट सम्म | रु.५०००/- |
| | (आ) ५० किलोवाटभन्दा माथि १२५ किलोवाट सम्म | रु. १५०००/- |
| | (इ) १२५ किलोवाटभन्दा माथि २०० किलोवाट सम्म | रु. २००००/- |
| | (ई) २०० किलोवाटभन्दा माथि | रु. ३००००/- |
| ख. | मोटरसाइकल/स्कुटर | |
| | (अ) ५० वाट सम्म | रु.१०००/- |
| | (आ) ५० वाटभन्दा माथि ३५० वाट सम्म | रु. १५००/- |
| | (इ) ३५० वाटभन्दा माथि देखि १००० वाट सम्म | रु. २०००/- |

| | | |
|---|---|---|
| | (ई) १००० वाटभन्दा माथि १५०० वाट सम्म | रु.२५००/- |
| | (उ) १५०० वाटभन्दा माथि | रु.३०००/- |

४. भाडामा दर्ता भएका विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ:-

| सि.नं. | सवारी साधनको विवरण | वार्षिक सवारी कर |
|---|---|---|
| क. | कार, जीप, भ्यान माइक्रोबस र बस | |
| | (अ) २० किलोवाटभन्दा माथि ५० किलोवाट सम्म | रु.३०००/- |
| | (आ) ५० किलोवाटभन्दा माथि १२५ किलोवाट सम्म | रु. ५०००/- |
| | (इ) १२५ किलोवाटभन्दा माथि २०० किलोवाट सम्म | रु. १००००/- |
| | (ई) २०० किलोवाटभन्दा माथि | रु. १५०००/- |

## (ख) विविध

| | |
|---|---|
| १ | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएको सवारी साधनलाई यस अनुसूचीको खण्ड (क) को क्र.सं. २ मा उल्लेख भएबमोजिम भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ ।<br>तर,<br>नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएको दुई पाङ्ग्रे सवारी साधनमा यस अनुसूचीको खण्ड (क) को क्र.सं. १ को सि.नं.घ. मा उल्लेख भएबमोजिम निजी दुई पाङ्ग्रे सवारी साधान लाग्ने सरह कर लाग्नेछ । |
| २ | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएको विद्युतीय सवारी साधनमा यस अनुसूचीको खण्ड (क) को क्र.सं. ४ मा उल्लेख भएबमोजिम भाडामा दर्ता भएको सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ ।<br>तर,<br>नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएको दुई पाङ्ग्रे विद्युतीय सवारी साधनमा यस अनुसूचीको खण्ड (क) को क्र.सं. ३ को सि.नं.ख. मा |

| | |
|---|---|
| | उल्लेख भएबमोजिम निजी विद्युतीय दुई पाङ्ग्रे सवारी साधान लाग्ने सरह कर लाग्नेछ । |
| ३ | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अधिकांश वा पूर्ण स्वामित्व रहेको सार्वजनिक संस्थानको तथा पर्यटकीय सवारी साधनको हकमा सवारी साधनको प्रकृति अनुसार (गैर विद्युतीय वा विद्युतीय) यस अनुसूचीको खण्ड (क) को क्र.सं. १ वा क्र.सं. ३ मा उल्लेख भएबमोजिम निजी सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ । |
| ४ | सुरु पैठारी मितिले एक बर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। <br> तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । यस्तो सुविधा सम्बन्धित यातायात व्यवस्था कार्यालयको प्राविधिकले तयार गरेको प्राविधिक परीक्षण प्रतिवेदनको आधारमा मात्र प्रदान गरिनेछ । |
| ५ | (क) कुनै व्यक्ति वा संस्थाको नाउँमा दर्ता भएको सवारी साधन दुर्घटनाका कारण बिग्रिई सञ्चालनमा आउन नसक्ने भनी यातायात क्षेत्र हेर्ने मन्त्रालयले प्रमाणित गरेमा प्रयोगमा नआएको अवधिको सवारी साधन कर लाग्नेछैन । <br> (ख) माथि खण्ड (क) बमोजिम यातायात क्षेत्र हेर्ने मन्त्रालयमा प्रमाणिकरणको लागि पेश गर्दा त्यस्तो सवारी साधन प्रयोगमा नआउनुको कारण र अवधिको सम्बन्धमा सवारी साधन रहेको स्थानीय तह र नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ । |
| ६ | साविक बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना बीस वर्ष नकाटेका सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढी अवधिको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप सवारी साधन कर लाग्नेछ । <br> तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको प्रचलित कर रकमभन्दा बढी हुने छैन । |
| ७ | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रुपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नुपर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ८ | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |

| | |
|---|---|
| ९ | यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १० | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५० सि.सि. सम्मका स्कुटर (थप दुइ चक्का जडित) मा सवारी साधन कर लाग्ने छैन । |
| ११ | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालभित्रै बन्द कन्टेनरको रूपमा रूपान्तरण गरी पाउँ भनी निवेदन दिने सवारी धनीलाई निजले बुझाउनुपर्ने सवारी कर बापत पचास हजार रूपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ ।<br>तर यस्तो छुट सुविधा दश वर्षभन्दा पुराना ट्रकलाई दिइने छैन । |
| १२ | नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका निकायहरूले जफत गरी लिलाम बिक्री गरेका सवारी साधनको हकमा उक्त सवारी साधन जफत गरेदेखि लिलाम प्रकृया समाप्त नभएसम्मको अवधिको सवारी कर लाग्ने छैन । |
| १३ | ट्राफिक कारवाहीमा परेका, विभिन्न कसुरमा नियन्त्रणमा लिइएका र सवारी धनी यकीन नभई लामो समयदेखि ट्राफिक कार्यालयको नियन्त्रणमा रहेका सवारी साधनहरूको ट्राफिक कार्यालयको समन्वयमा लगत संकलन गरी सवारी धनी पत्ता लगाई निजबाट त्यस्ता सवारीको कर, शुल्क तथा जरिवाना संकलन गरिनेछ । |
| १४ | अदालत र अन्य न्यायिक वा अर्ध न्यायिक निकायमा दशी प्रमाणको रुपमा रहेको सवारी साधनको मुद्दाको टुंगो नलागुन्जेल प्रयोगमा नआउने हुँदा अदालत वा त्यस्तो निकायको फैसला र आधिकारिक पत्रका आधारमा सो सवारी साधन प्रयोगमा नआएको अवधिको सवारी साधन कर लाग्ने छैन । एक आर्थिक वर्षभन्दा कम अवधि प्रयोगमा नआएको भएमा दामाशाहीले हिसाब गर्नु पर्नेछ । |

# अनुसूची – २(ख)

(दफा ४ सँग सम्बन्धित)

## प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लिईने शुल्क तथा दस्तुर

### (क) सवारी चालक अनुमतिपत्र तथा आवेदन दस्तुर

| वर्ग | सवारीको किसिम | आवेदन दस्तुर (रुपैयाँमा) | सवारी चालक अनुमतिपत्र, नवीकरण दस्तुर (रुपैयाँमा) | वर्ग थप (रुपैयाँमा) |
|---|---|---|---|---|
| क<br>A | मोटरसाईकल, स्कुटर, मोपेड<br>Motorcycle, Scooter, Mopped | ५००/- | १५००/- | ५००/- |
| K | स्कुटर<br>Scooter | ५००/- | १५००/- | ५००/- |
| ख<br>B | कार, जीप, डेलिभरी भ्यान<br>Car, Jeep, Delivery Van | ५००/- | २०००/- | ५००/- |
| ग<br>C | टेम्पो, अटोरिक्सा<br>Tempo, Auto Rikshaw | ५००/- | २०००/- | ५००/- |
| घ<br>D | पावर टिलर<br>Powertillar | ५००/- | २०००/- | ५००/- |
| ङ<br>E | ट्र्याक्टर<br>Tractor | ५००/- | २५००/- | ५००/- |

| | | | | |
|---|---|---|---|---|
| च<br>F | मिनिवस, मिनी ट्रक<br>Minibus, Mini Truck | ५००/- | २५००/- | ५००/- |
| छ<br>G | ट्रक, बस, लहरी<br>Truck, Bus, Lorry | ५००/- | ३०००/- | १०००/- |
| ज<br>H | रोडरोलर, डोजर<br>Road Roller, Dozer<br>H1=Dozer<br>H2=Road Roller | ५००/- | ३०००/- | १०००/- |
| झ<br>I | क्रेन, दम्कल, लोडर<br>I1=Crane<br>I2=Fire Brigade<br>I3= Loader | ५००/- | ३०००/- | १०००/- |
| J | J1=Excavator<br>J2=Backhoe Loader<br>J3=Grader<br>J4=Forklift<br>J5=Other | ५००/- | ३०००/- | १०००/- |

**स्पष्टीकरण:**

(१) एक भन्दा बढी वर्गको सवारी चालक अनुमतिपत्र भएका व्यक्तिका हकमा नवीकरण गर्दा सबैभन्दा बढी दस्तुर लाग्ने सवारी वर्गको नवीकरण दस्तुर लाग्नेछ र बाँकी वर्गका सवारी चालक अनुमतिपत्र स्वतः नवीकरण हुनेछ ।

(२) सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वापत पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ ।

(३) सवारी चालक अनुमतिपत्रको प्रमाणिकरण वापत एक हजार रुपैयाँ दस्तुर लाग्नेछ ।

## (ख) सवारी साधन सम्बन्धी अन्य दस्तुर

### १. सवारी साधन दर्ता र सरुवा दर्ता दस्तुर:-

| सि.नं. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ठुला सवारी | | निजी | १५००/- |
| | | | सार्वजनिक | २५००/- |
| २ | मझौला सवारी | | निजी | १०००/- |
| | | | सार्वजनिक | २०००/- |
| ३ | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | १०००/- |
| | | | सार्वजनिक | १५००/- |
| | | ख. मोटरसाइकल, स्कुटर | निजी | ५००/- |
| | | | सार्वजनिक | ५००/- |

**<u>स्पष्टीकरण:</u>** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

## २. सवारी साधन सरुवा सहमति दस्तुर:-

| सि.नं. | सवारीको वर्गीकरण | | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १ | ठूला सवारी | | २५००/- |
| २ | मझौला सवारी | | २०००/- |
| ३ | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | १०००/- |
| | | ख. मोटरसाइकल, स्कुटर | ५००/- |

## ३. सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर (प्रति सवारी):-

| सि.नं. | सवारीको वर्गीकरण | | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १ | ठूला सवारी | | १५००/- |
| २ | मझौला सवारी | | १०००/- |
| ३ | साना सवारी | ग. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | ७५०/- |
| | | घ. मोटरसाइकल, स्कुटर | ५००/- |

**<u>स्पष्टीकरण:</u>** । सनाखतको अवधि एक वर्षको लागि मान्य हुनेछ । सो अवधिपछि पेश भएमा पहिलो तीन महिनाको लागि एक हजार रुपैयाँ जरिवाना लाग्नेछ र सो अवधिपछि पेश गर्नेलाई दुई हजार रुपैयाँ जरिवाना लाग्नेछ ।

## ४. सवारी साधनको अस्थायी दर्ता दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १ | ठूला सवारी | | निजी | १२००/- |
| | | | सार्वजनिक | १५००/- |
| २ | मझौला सवारी | | निजी | १०००/- |
| | | | सार्वजनिक | १२००/- |
| ३ | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ८००/- |
| | | | सार्वजनिक | १०००/- |
| | | ख. मोटरसाइकल, स्कुटर | निजी | ८००/- |
| | | | सार्वजनिक | ८००/- |

**स्पष्टीकरण:** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

## ५. विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमतिपत्र दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १ | ठूला सवारी र मझौला सवारी | ५०००/- |
| २ | साना सवारी | ३०००/- |

## ६. सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १ | ठूला सवारी | | निजी | ५००/- |
| | | | सार्वजनिक | १०००/- |
| २ | मझौला सवारी | | निजी | ५००/- |
| | | | सार्वजनिक | ८००/- |
| ३ | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ५००/- |
| | | | सार्वजनिक | ५००/- |
| | | ख. मोटरसाइकल, स्कुटर | निजी | ३००/- |
| | | | सार्वजनिक | ५००/- |

**<u>स्पष्टीकरण:</u>** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

**७. सवारी साधनको नामसारी र धनीको मृत्यु भएको सवारीको नामसारी दस्तुर:-**

| सि.नं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १ | ठूला सवारी | | निजी | २०००/- |
| | | | सार्वजनिक | २२००/- |
| २ | मझौला सवारी | | निजी | १५००/- |
| | | | सार्वजनिक | २०००/- |
| ३ | साना सवारी | ग. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | १२००/- |
| | | | सार्वजनिक | १५००/- |
| | | मोटरसाइकल, स्कुटर | | १०००/- |

**<u>स्पष्टीकरण:</u>** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

**८. बाटो इजाजतपत्र दस्तुर (नवीकरण समेत, अर्धवार्षिक):-**

| सि.नं. | दुरी (कि.मि.) | सवारीको वर्गीकरण | |
|---|---|---|---|
| | | ठूला र मझौला बस मिनिबस आदि (रुपैयाँमा) | ठूला र मझौला ट्रक, मिनिट्रक आदि (रुपैयाँमा) |
| १ | १ देखि ५० कि.मि. सम्म | ८००/- | १०००/- |
| २ | ५० भन्दा माथि १०० कि.मि. सम्म | १०००/- | १२००/- |
| ३ | १०० भन्दा माथि १५० कि.मि. सम्म | १२००/- | १४००/- |
| ४ | १५० भन्दा माथि २०० कि.मि. सम्म | १४००/- | १७००/- |

| | | | |
|---|---|---|---|
| ५ | २०० भन्दा माथि २५० कि.मि. सम्म | १५००/- | १८००/- |
| ६ | २५० भन्दा माथि ३०० कि.मि. सम्म | १८००/- | २०००/- |
| ७ | ३०० भन्दा माथि ३५० कि.मि. सम्म | २०००/- | २३००/- |
| ८ | ३५० भन्दा माथि ४०० कि.मि. सम्म | २१००/- | २४००/- |
| ९ | ४०० भन्दा माथि ४५० कि.मि. सम्म | २३००/- | २६००/- |
| १० | ४५० भन्दा माथि ५०० कि.मि. सम्म | २६००/- | २९००/- |
| ११ | ५०० भन्दा माथि ५५० कि.मि. सम्म | ३२००/- | ३३००/- |
| १२ | ५५० भन्दा माथि ६०० कि.मि. सम्म | ३३००/- | ३४००/- |
| १३ | ६०० भन्दा माथि ६५० कि.मि. सम्म | ३५००/- | ३६००/- |
| १४ | ६५० भन्दा माथि ७०० कि.मि. सम्म | ३८००/- | ३९००/- |
| १५ | ७०० कि.मि. भन्दा माथि | ४२००/- | ४३००/- |

**९. पाँच सिटभन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि बाटो इजाजत दस्तुर (नवीकरण दस्तुर):-**

| सि.नं. | दुरी | रकम दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १ | १ देखि ५० कि.मि. सम्म | ६००/- |
| २ | ५० भन्दा माथि १०० कि.मि. सम्म | ८००/- |
| ३ | १०० भन्दा माथि १५० कि.मि. सम्म | १०००/- |
| ४ | १५० भन्दा माथि २५० कि.मि. सम्म | १२००/- |
| ५ | २५० भन्दा माथि | १६००/- |

## १०. तोकिएको निश्चित बाटो वा क्षेत्रभित्र (रुट) सञ्चालनार्थ लाग्ने बाटो दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | रकम दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १ | चौध सिट वा सो भन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सार्वजनिक सवारी र एक टन सम्म क्षमता भएको ट्याक्टर, पावर टिलर | ५००/- |
| २ | मिटर भएको ट्याक्सी | ५००/- |
| ३ | मिटर भएको टेम्पो | ४००/- |

## ११. जाँचपास प्रमाणपत्र, प्रदूषण स्टिकर तथा अन्य दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | रकम दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १ | ठुला सवारी | ५००/- |
| २ | मझौला सवारी र साना सवारी | ५००/- |
| ३ | प्रदुषण स्टिकर दस्तुर | ४००/- |
| ४ | डोर मुकाम दस्तुर प्रति सवारी (प्राविधिक परीक्षण कार्यालयमा गराउनुपर्ने ) | ३०००/- |
| ५ | चार पाङ्ग्रे सवारी साधन लगत कट्टा दस्तुर | १०००/- |
| ६ | दुई पाङ्ग्रे सवारी साधन लगत कट्टा दस्तुर | ५००/- |
| ७ | सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको सि.सि.टि.भि रेकर्ड हेर्ने दस्तुर | १०००/- |
| ८ | सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको पुनर्योग आवेदन दस्तुर | १०००/- |
| ९ | पटके बाटो इजाजत दस्तुर प्रति ५० कि.मि. को लागि दस्तुर | १५०/- |

## १२. यातायात सेवाको नाम पञ्जिकृत गराउँदा लाग्ने दस्तुरः-

| सि.नं. | पूँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १ | १५ लाख रुपैयाँभन्दा कमको लागि | १०००/- |
| २ | १५ लाख रुपैयाँभन्दा बढी ५० लाख रुपैयाँ सम्मको लागि | २५००/- |

| | | |
|---|---|---|
| ३ | ५० लाख रुपैयाँभन्दा बढी जतिसुकै बढी भएपनि | ४०००/- |

**<u>द्रष्टब्य:</u>** तर थप गर्न प्रति सवारी साधन साना सवारी साधनको हकमा पाँच सय रुपैयाँ, मझौला सवारीको हकमा एक हजार रुपैयाँ र ठूला सवारीसाधनको हकमा एक हजार पाँच सय रुयैयाँ दस्तुर लाग्नेछ ।

**१३. यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण दस्तुरः-**

| **सि.नं.** | **पूँजी** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १ | १५ लाख रुपैयाँभन्दा कमको लागि | १०००/- |
| २ | १५ लाख रुपैयाँभन्दा बढी ५० लाख रुपैयाँ सम्मको लागि | ३०००/- |
| ३ | ५० लाख रुपैयाँभन्दा बढी जतिसुकै बढी भएपनि | ५०००/- |

**<u>द्रष्टव्य:</u>** तर थप गर्न प्रति सवारी साधन साना सवारी सधानको हकमा पाँच सय रुपैयाँ, मझौला सवारीको हकमा एक हजार रुपैयाँ र ठूला सवारीसाधनको हकमा एक हजार पाँच सय रुयैयाँ दस्तुर लाग्नेछ ।

**१४. शिक्षण केन्द्र, कारखाना, वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः-**

| **सि.नं.** | **पूँजी** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १ | २ लाख रुपैयाँभन्दा कमको लागि | १०००/- |
| २ | २ लाख रुपैयाँभन्दा बढी ५ लाख रुपैयाँ सम्मको लागि | १५००/- |
| ३ | ५ लाख रुपैयाँभन्दा बढी १० लाख रुपैयाँ सम्मको लागि | २५००/- |
| ४ | १० लाख रुपैयाँभन्दा जतिसुकै बढी भएपनि | ५०००/- |

**१५. सवारी साधन बिक्री शोरुम र रिकन्डिशन हाउस सञ्चालन अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः-**

| **सि.नं.** | **स्थिर पूँजी** | **अनुमतिपत्र दस्तुर (रुपैयाँमा)** | **नवीकरण दस्तुर (रुपैयाँमा)** |
|---|---|---|---|
| १ | ३ करोड रुपैयाँसम्म (साना उद्योग) | ८०००/- | ४०००/- |

| | | | |
|---|---|---|---|
| २ | ३ करोड रुपैयाँभन्दा बढी १० करोड रुपैयाँ सम्म (मझौला उद्योग) | १२०००/- | ६०००/- |
| ३ | १० करोड रुपैयाँदेखि माथि (ठूला उद्योग) | ४००००/- | २००००/- |

**१६. विद्युतीय सूचना प्रणालीमा आधारित राईड सेयरिङ्ग सेवा दिने संस्था दर्ता तथा नवीकरण शुल्कः-**

| **सि.नं.** | **सेवाको लागि प्रयोग गर्ने सवारी साधनको किसिम** | **दर्ता/अनुमति शुल्क (रुपैयाँमा)** | **नवीकरण शुल्क (प्रतिवर्ष) (रुपैयाँमा)** |
|---|---|---|---|
| १ | दुई पाङ्ग्रे मात्र | २५०००/- | १२५००/- |
| २ | चार पाङ्ग्रे मात्र | ५००००/- | २५०००/- |
| ३ | दुई पाङ्ग्रे र चार पाङ्ग्रे दुवै | ७००००/- | ३५०००/- |

## (ग) विविध

| | |
|---|---|
| १ | दश लाख रुपैंयाभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| २ | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ तथा प्रचलित कानून विपरीत ट्राफिक नियम उल्लङ्घन गरेबापत ट्राफिक प्रहरीबाट सवारी धनीहरूसँग असुल गरिने दण्ड जरिवाना बापतको रकम बागमती प्रदेशभित्रका ट्राफिक प्रहरी कार्यालयहरूले प्रदेशको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ । |
| ३ | यातायात व्यवस्था विभागबाट मिति २०७५।०६।०७ मा सार्वजनिक भाडाका यात्रुवाहक, मालवाहक सवारी साधन (ट्रक) एवं मिटर जडित ट्याक्सीको भाडादर समायोजन भए अनुसार सवारी साधनको भार वहन क्षमता र सडकको क्षमता भन्दा अधिक भार बोकेमा मालवाहक सवारीका सम्बन्धमा तराई र पहाडमा प्रति कि.मि. रु.५.८८/- र रु.१०.९५/- ले हुन आउने रकमलाई हिसाव गरी जरिवाना असुल गरिनेछ ।<br>अधिक भार गणनाः Over Weight (Ton) x Distance (K.M.) x Terai Rate/Hill Rate + Fine |

| | |
|---|---|
| ४ | प्रदेशभित्र सवारी साधन खरिद बिक्री गर्ने शोरुम र रिकन्डिशन हाउस सवारी साधनहरू खरिद बिक्री गर्ने उद्देश्य राखी व्यवसाय दर्ता गर्ने संस्थाले अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयमा समेत दर्ता तथा नवीकरण हुनु पर्नेछ । |

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची – ३

(दफा ५ सँग सम्बन्धित)

## <u>मनोरञ्जन कर</u>

| सि.नं. | विवरण | करको दर |
|---|---|---|
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरूलाई बिक्री गरेको प्रति टिकटमा | ५% |
| २ | क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति | रु. ५०/- |
| ३ | फनपार्क, वाटर गार्डेन, पार्क प्रवेशमा प्रति टिकट | ३% |
| ४ | सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटक घर, दोहोरी साँझ, डान्सबार, नाईट क्लव, क्यासिनो, पार्क प्रवेश, केबलकार, फुटसल, जुम्बा, स्वीमिङ पुल, जिप लाईन, स्विङ्ग, आकाशे सीसाको पूल, भ्यूटावर, बञ्जिजम्पमा प्रति टिकट/बीलमा<br>*(<u>**स्पष्टीकरण:**</u> केबलकारको हकमा प्रति यात्रु टिकटमा मात्र मनोरञ्जन कर लाग्नेछ । सामान मालबस्तु ढुवानीको हकमा जारी गरिने टिकटमा मनोरञ्जन कर लाग्ने छैन ।)* | ५% |

| सि.नं. | विवरण | कार्यक्रमको अवधि | स्थानीय तह अनुसार करको दर | | |
|---|---|---|---|---|---|
| | | | महानगरपालिका र उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| ५ | मेला (सर्कस, खेल समावेश मेला, जादु, चटके) | १ दिनको | ५०००/- | ४०००/- | २०००/- |
| | | २ देखि ७ दिनसम्म | २५०००/- | २००००/- | १००००/- |
| | | ८ देखि १५ दिनसम्म | ४००००/- | ३००००/- | १५०००/- |
| | | १६ देखि ३० दिनसम्म | ६००००/- | ४५०००/- | २००००/- |
| | | ३० दिनभन्दा बढी | १०००००/- | ७५०००/- | ३००००/- |

# अनुसूची –४

(दफा ७ सँग सम्बन्धित)

## कृषि आयमा कर

| सि.नं. | आयको वर्गीकरण | करको दर |
|---|---|---|
| क) | कुल आय पाँच लाख रुपैयाँ सम्म | शून्य दर |
| ख) | कुल आय पाँच लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँ सम्म | १.५% |
| ग) | कुल आय पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँ सम्म | १.७५% |
| घ) | कुल आय एक करोड रुपैयाँभन्दा बढी | २% |

१. कृषि आयमा लाग्ने कर कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गत रहेका जिल्ला स्तरका कृषि ज्ञान केन्द्र मार्फत संकलन गरिनेछ ।

२. बार्षिक पाँच लाख रुपैंयाभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित केन्द्रमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको २५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

# अनुसूची –५

## (दफा ९ सँग सम्बन्धित)

## <u>ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क</u>

<table>
<tr><td>सि.नं.</td><td>विवरण</td><td>इकाई</td><td>दर (रुपैयाँमा)</td></tr>
<tr><td>१</td><td>माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा)</td><td>प्रति घन फिट</td><td>३.५०/-</td></tr>
<tr><td>२</td><td>ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा)</td><td>प्रति घन फिट</td><td>९/-</td></tr>
<tr><td>३</td><td>स्लेट (स्वीकृत खानी क्षेत्र बाहेक)</td><td>प्रतिवर्ग फिट</td><td>९/-</td></tr>
<tr><td>४</td><td colspan="3">वन सम्बन्धी सङ्घीय तथा प्रदेश कानूनबाट नियमन हुने काठ दाउरा बाहेकका, नदीले बगाई ल्याएका काठ, दाउरा तथा जराजुरी जस्ता दहत्तर बहत्तर सामाग्रीको संकलनमा संकलनकर्ताबाट देहाय अनुसार शुल्क उसुल उपर गरिनेछ ।
<table>
<tr><td>सि.नं.</td><td>प्रजाति</td><td>मूल्य</td></tr>
<tr><td>१</td><td>खयर</td><td>रु. ४०/- प्रति किलो ग्राम</td></tr>
<tr><td>२</td><td>साल</td><td>रु. १५०/- प्रति ठूटो</td></tr>
<tr><td>३</td><td>अन्य</td><td>रु. ५०/- प्रति ठूटो</td></tr>
</table></td></tr>
<tr><td>५</td><td colspan="3">सि.नं. १ को माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) को शुल्क रु.३.५०/- प्रति घन फिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग (जस्तो इट्टा उद्योग) हरूलाई उद्योगको क्षमताको आधारमा सम्बन्धित स्थानीय तहले वार्षिक रुपमा शुल्क निर्धारण गर्न सक्नेछ। यसरी बार्षिक शुल्क निर्धारण गर्दा जोडिएका स्थानीय तहहरूसँग समेत आवश्यक समन्वय गर्नु पर्नेछ।</td></tr>
<tr><td>६</td><td colspan="3">व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन गर्नु पर्नेछ । सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।<br>सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनुपर्नेछः<br>क. साँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृति भएको हुनुपर्नेछ,</td></tr>
</table>

| | |
|---|---|
| | ख. माटो उत्खननबाट प्राकृतिक स्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो नहर, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनुपर्नेछ । |
| ७ | कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि.नं. २ मा उल्लिखित चुनढुङ्गामा शुल्क नलाग्ने । |
| ८ | प्रत्येक स्थानीय तहले माथि सि.नं. १, २ र ३ बमोजिमका सामाग्री बिक्रीको लागि ठेक्का खोलेकोमा त्यस्तो ठेक्का सम्बन्धी विवरण ठेक्का लागेको एक महिनाभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ । आर्थिक मामिला तथा योजना मन्त्रालयले समय समयमा त्यसरी बुझाउनुपर्ने विवरणको ढाँचा निर्धारण गरी स्थानीय तहहरूलाई उपलब्ध गराउन सक्नेछ । |

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची – ६

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

## माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको नियमन सम्बन्धी जरिवाना

| सि.नं. | उल्लङ्घनको किसिम | दण्ड जरिवाना |
|---|---|---|
| १ | नदीको वहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा संकलन गरेमा (प्रति मेशिन वा साधनको) | |
| | क. मेशिन स्काभेटर व्याक हो लोडर | रु. २५०००/- |
| | ख. ट्रिपर वा ट्रक | रु. १५०००/- |
| | ग. मिनी ट्रक | रु. १००००/- |
| | घ. ट्याक्टर | रु. ५०००/- |
| २ | विना अनुमति मेशिनरी औजार प्रयोग गरि उत्खनन् संकलन गरेको पाइएमा | रु. २५०००/- |
| ३ | तोकिएको भन्दा बढी गहिराइमा उत्खनन् गरेमा | प्रति घन मिटर रु. २०००/- |
| ४ | तोकिएको भन्दा बढी संख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | रु. २५०००/- |
| ५ | विहान ६ बजे अघि र वेलुकी ६ बजे पश्चात उत्खनन् वा संकलन कार्य गरेमा | सि.नं. १ अनुसार कै दण्ड जरिवाना |
| ६ | नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन) | रु. २००००/- |
| ७ | निषेधित क्षेत्रमा उत्खनन् वा संकलन गरेमा | रु. ५००००/- |
| ८ | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा संकलन वा सञ्चय गरेमा | एकमुष्ठ रु. ३००००/- र प्रति घन फिट रु.२१.६६/- थप जरिवाना |
| ९ | क्र.सं. १ देखि ८ सम्मको कसुर पुनः दोहोऱ्याएमा | तोकिएको रकममा चौथाई बढाई थप जरिवाना |
| १० | निषेधित महिनामा वा निषेधित क्षेत्रमा उत्खनन् वा संकलन गरेमा | १. उत्खनन् वा संकलन गरेको सामाग्री जफत |

| | | |
|---|---|---|
| | | गरी प्रति घन मिटर रु. २०००/-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिवाना हुने |
| ११ | पानी, हिलो, धुलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. १०००/-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिवाना हुने |
| १२ | प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामाग्रीका हकमा) | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. १०००/-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिवाना हुने |
| १३ | प्रशोधित ढुङ्गा, गिट्टी, वालुवा, धुलोका हकमा प्रत्येक पटकको ढुवानी कार्यमा प्रशोधन उद्योगबाट जारी भएको छुट्टै भ्याट विल तथा चलान पुर्जा साथमा रहेको नभेटिएमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. १०००/-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिवाना हुने |

| | | |
|---|---|---|
| १४ | निजी जग्गाको अप्रशोधित सामाग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमति पत्र, प्रत्येक पटकको चलान पुर्जा र राजश्व तिरेको निस्सा साथमा नभेटिएमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००/-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिवाना हुने |
| १५ | प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००/-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिवाना हुने |
| १६ | रुट तोकिएको भए तोकिदिएको बाहेकको रुट, समय, गति वा संख्यामा ढुवानी गरेमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००/-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिवाना हुने |
| १७ | जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद बिक्री परिमाणमा हिसाव मिलान नभएर कैफियत देखिएमा सो बराबरको परिमाणमा जरिवाना | प्रति घनफिट रु.२१.६६/- |

| | | |
|---|---|---|
| १८ | खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको ढुवानीमा खानी सञ्चालक वा खानीजन्य उद्योगको चलान पुर्जा विना ढुवानी गरेमा वा तोकिएको रुट भन्दा अन्यत्रबाट उत्खनन् गरिएको पदार्थ ढुवानी गरेमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००/- <br> २. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिवाना हुने |
| १९ | नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानून वा मापदण्ड विपरीत क्रशिङ, वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्यगर्ने उद्योग सञ्चालन गरेमा (वार्षिक दण्ड जरिवाना) | ठूला उद्योग रु.५००००/- <br> मझौला उद्योग रु.३००००/- <br> साना उद्योग रु.१५०००/- |
| २० | कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा (वार्षिक दण्ड जरिवाना) (सुरुमिति देखि गणना हुने गरी हालसम्म) | ठूला उद्योग रु.५००००/- <br> मझौला उद्योग रु.३००००/- <br> साना उद्योग रु.१५०००/- |
| २१ | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेतापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा (वार्षिक दण्ड जरिवाना) (सुरुमिति देखि गणना हुने गरी हालसम्म) | ठूला उद्योग रु.५००००/- <br> मझौला उद्योग रु.३००००/- <br> साना उद्योग रु.१५०००/- |
| २२ | कम्पनी दर्ता गरी, इजाजत लिइ उद्योग सञ्चालन गरेता पनि सम्बन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा (वार्षिक दण्ड जरिवाना) (इजाजत नवीकरण नभएको वर्षदेखि गणना हुनेगरी) | ठूला उद्योग रु.५००००/- <br> मझौला उद्योग रु.३००००/- <br> साना उद्योग रु.१५०००/- |

# अनुसूची – ७

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**<u>शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन दर्ता तथा नवीकरण शुल्क</u>**

| सि.नं. | दर्ता तथा नवीकरण | राजस्व दस्तुर कायम हुने समय अवधि | दस्तुर |
|---|---|---|---|
| १ | शैक्षिक परामर्श तथा भाषा शिक्षण केन्द्र दर्ता तथा अनुमति | क. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्ष भित्र अनुमति माग निवेदन पेश भएमा | रु.५०००/- |
| | | ख. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्ष भन्दा पछिल्ला आर्थिक वर्षमा पेश हुन आएमा प्रत्येक आर्थिक वर्षको लागि प्रति आर्थिक बर्ष | रु.५०००/- र ढिला भएको आर्थिक बर्षको लागि प्रत्येक आर्थिक वर्ष जरिवाना रु.५०००/- |
| २ | शैक्षिक परामर्श तथा भाषा शिक्षण केन्द्र नवीकरण | क. प्रत्येक वर्षको श्रावणदेखि असोज मसान्त भित्र नवीकरण दरखास्त पेश भएकोमा | रु.५०००/- |
| | | ख. असोज मसान्त भन्दा पछि सोही आर्थिक वर्ष भित्र दरखास्त पेश भएकोमा | रु.१००००/- |
| | | ग. सो अवधिभन्दा पछि प्रति वर्ष | रु.१५०००/- |